Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २५ | अंक: २१९ | वि.सं. २०८२ मंसिर १५ सोमवार | नेपाल संवत: ११४५, मंसिर शुक्लपक्ष एकादशी | Monday 1 December 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## कर्णाली याक्स ५ विकेटले पराजित



**◣युग संवाददाता**
**काठमाडौं, १४ मंसिर ।**

नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत आइतबार सम्पन्न १९औं खेलमा काठमाडौं गोर्खाजले कर्णाली याक्समाथि ५ विकेटको शानदार जित हाँसिल गरेको छ। त्रिवि क्रिकेट मैदानमा भएको खेलमा कर्णालीले दिएको १५० रनको मध्यम लक्ष्य काठमाडौं गोर्खाजले १८ ओभरमा ५ विकेट गुमाउँदै पूरा गर्‍यो। यो जितसँगै काठमाडौं गोर्खाजले प्रतियोगितामा आफ्नो चौथो जित दर्ता गरेको छ।

लक्ष्य पछ्याउने क्रममा काठमाडौं गोर्खाजले आक्रामक सुरुवात गरेको थियो। ओपनर बेन चार्ल्सवर्थले २१ बलमा ३ छक्का र २ चौकासहित ३४ रन बनाएर टिमलाई राम्रो लयमा ल्याए। अर्का ओपनर आकाश त्रिपाठी ८ रन र मिलिन्द कुमार १५ रनमा आउट भए पनि मध्यक्रमका ब्याटरहरूले जिम्मेवारीपूर्ण प्रदर्शन गरे।

विशेषगरी गेरहार्ड इरास्मस र जोन सिम्पसनबीचको साझेदारी जितका लागि निर्णायक बन्यो। विकेटकिपर ब्याटर जोन सिम्पसनले विष्फोटक ब्याटिङ गर्दै २१ बलमा ४१ रन जोडे। उनी आउट भएपछि क्रिजमा टिकिरहेका

▶▶ बाँकी ३ पेजमा

## बाँके-बर्दियाका विद्यालयमा जलवायु सचेतना अभियान

**◣युग संवाददाता**
**बर्दिया, १४ मंसिर ।**

जलवायु परिवर्तनको बढ्दो प्रभावलाई न्यूनिकरण गर्ने उद्देश्यसहित बाँके र बर्दियामा विद्यालय स्तरबाटै व्यापक सचेतना अभियान थालिएको छ।

वन, वातावरण तथा जैविक विविधताको संरक्षणमा विद्यालय र विद्यार्थीको भूमिका अत्यन्त प्रभावकारी हुने विश्वाससहित विभिन्न विद्यालयमा कार्यक्रम विस्तार गरिएको हो।

दिगो वन व्यवस्थापन विज्ञ सुवास देवकोटाका अनुसार स्थानीय समुदायमा प्रत्यक्ष असर पारिरहेको जलवायु परिवर्तनका संकेतहरू बुझ्न र समाधानका उपायहरू अपनाउन विद्यार्थीहरू क्षमता भएका सचेतना दूत हुन्। "विद्यार्थीमार्फत प्रचार-प्रसार गर्दा सन्देश छिटो फैलिनुका साथै व्यवहारमै परिवर्तन ल्याउन मद्दत हुन्छ," उनले बताए।

त्यसै लक्ष्यसहित बाँके र बर्दियाका १० वटा विद्यालयमा जलवायु परिवर्तन, जैविक विविधता संरक्षण तथा वातावरणीय व्यवस्थापनसम्बन्धी पाठ्यक्रम निर्माण गरी 'शिक्षालयदेखि समुदायसम्म' अभियान अघि बढाइएको पैरवी अधिकृत जयन जोशी बताउँछन्। उनका अनुसार विद्यालयस्तरमा तयार गरिएका शैक्षिक सामग्री र गतिविधिबाट विद्यार्थीले आफ्नै समुदायमा वन संरक्षण, नदी-नाला संरक्षण र वातावरण

▶▶ बाँकी ४ पेजमा

### ▌एमालेको ११ औं महाधिवेशनमा कर्णालीबाट ▌

# ९ जिल्लामा सर्वसम्मत, रुकुमपश्चिममा मतदानबाट प्रतिनिधि छनौट




**◣दिनेश बुढा**
**सुर्खेत, १४ मंसिर ।**

नेकपा एमालेको ११ औं राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि छनौंटको काम देशभर जारी रहेको छ। कर्णाली प्रदेशका १० जिल्ला मध्ये ९ जिल्लामा सर्वसम्मत प्रतिनिधि चयन हुँदा रुकुमपश्चिममा भने निर्वाचनबाट प्रतिनिधि चयन गरिएको छ। ४७ हजार बढी पार्टीका संगठित सदस्य रहेको कर्णाली प्रदेशमा ११३ जना नेताहरु प्रतिनिधि चयन भएको एमाले कर्णाली प्रदेश अध्यक्ष गुलावजंग शाहले जनाकारी दिए।

अध्यक्ष शाहले प्रदेशका १० जिल्ला मध्ये रुकुमपश्चिममा पार्टीको जिल्लाको आन्तरिक विवादका कारण निर्वाचन भएको बताए। उनले भने, '१० जिल्ला मध्ये ९ जिल्लामा महाधिवेशन प्रतिनिधि सर्वसम्मत चयन भएको छ। रुकुमपश्चिमा पार्टी केन्द्रका पक्षविपक्ष नभई आन्तरिक विवादका कारण निर्वाचन भएको हो। अन्य जिल्लामा सर्वसम्मत प्रतिनिधि चयन गरिएका छन्।'

अध्यक्ष शाहका अनुसार हुम्लामा ६ जना, मुगु ६ जना, जुम्ला ६, कालीकोट ८, डोल्पा ८ जना, दैलेख २० जना, सुर्खेत २१ जना, जाजरकोट १२ जना, रुकुमपश्चिम ६ जना र सल्यानबाट ८ जना प्रतिनिधि चयन भएका छन्।

▶▶ बाँकी ३ पेजमा

## महाधिवेशनको लोगो सार्वजनिक

नेकपा एमालेको ११ औं राष्ट्रिय महाधिवेशनको लोगो सार्वजनिक भएको छ। एमालेको महाधिवेशन प्रचार समितिद्वारा आइतबार पार्टी कार्यालय, च्यासलमा आयोजित कार्यक्रमम अध्यक्ष केपी शर्मा ओलीले सो लोगो सार्वजनिक गरेका हुन्।

पार्टीका सचिव एवं प्रचार समितिका संयोजक पद्यमा अर्यालले उक्त लोगो पार्टीको इतिहास, आन्दोलन र संकल्पको कलात्मक रुप भएको बताए। लोगोमा राष्ट्रिय झन्डा, धरहरा, पाँच तल्ले दरबार, पार्टीको निर्वाचन चिन्ह आदिलाई बहुभाषिक रूपमा संयोजन गरिएको छ। महाधिवेशनकेन्द्रित जिङ्गल पनि सार्वजनिक गरिएको छ। साथै महाधिवेशनका लागि एमालेले प्रतिनिधि छनोट प्रक्रिया पनि अन्तिम चरणमा पुऱ्याएको छ।

## अन्यमा सर्वसम्मत हुँदा, रुकुमपश्चिममा चुनाव

अन्य जिल्लामा सर्वसम्मत एमालेले महाधिवेशन प्रतिनिधि चयन गरेपनि रुकुमपश्चिममा निर्वाचन भएको छ। दुइ हजार ५४ जना पार्टीको संगठित सदस्य रहेको रुकुमपश्चिममा निर्वाचनबाट प्रतिनिधिको टुंगो लगाइएको छ।

खुल्लामा एमाले जिल्ला कमिटी अध्यक्ष नन्दाराम देवकोटा, दिनेश चन्द, महिलामा हिमकुमारी केसी र कौशिला केसी, युवा (४० वर्षमूनी) प्रकाश खड्का र दलितमा शशिराम परियार निर्वाचित भएका छन्।

त्यस्तै, महिलामा प्रतिनिधिका लागि चुनाव लडेकी कर्णाली प्रदेशसभा सदस्य तुलसा मल्ल भने पराजित भएकी छन्। प्रतिनिधिमा निर्वाचित भएकी कौशिलाले २०४ र हिमकुमारीले २०३ मत ल्याउँदा मल्लले १११ मत मात्रै प्राप्त गरिन्।

शनिबार भएको एमाले रुकुमपश्चिममा प्रतिनिधि छनौटको निर्वाचनलाई लिएर सांसद मल्लले असन्तुष्टि जनाएकी छन्। उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेकि छन्, 'हाम्रो पार्टीको राष्ट्रिय महाधिवेशन प्रतिनिधि छनौट पार्टीको आन्तरिक निर्वाचनमा बाँफिकोट गाउँपालिका, मुसिकोट नगरपालिकार चौरजहारीका नगरपालिका केही कमरेडहरुले कसैले ५ पटक, कसैले ७ पटक, कसैले २/४ पटक मत उपस्थित नभएका ब्यक्तिहरुको मत हाल्नु भयो।'

उनले यसरी मत हालेर जित्ने कुरा अगामी निर्वाचनमा पनि देखाउन चुनौती दिएकी छन्। उनले अगाडी लेखेकि छन्, 'यो कला, सिप अव आउने २०८४ को स्थानीय वडा, पालिका, संघ र प्रदेशका आफ्ना नेकपा एमालेका उम्मेदवारलाई विजय बनाउन प्रयोग गर्नुहोला र प्रयोग गरेर विजय प्राप्त गर्नुहुनेछ भन्ने हिजोको तपाईहरुका कला देखेर म विश्वस्त छु।'

त्यस्तै, जाजरकोट जिल्लाबाट एमालले १२ जना प्रतिनिधिको टुंगो लगाएको छ। शनिबार जिल्ला कमिटि जाजरकोटले १२ प्रतिनिधिको नाम सर्वसम्मत रुपमा टुंगाएको हो। खुल्लामा लालबहादुर महतारा, करबिर शाही, नरेन्द्र शाही, नारायण घर्ती र प्रेमबहादुर सिंह छन्। महिला प्रतिनिधिमा तारा शाक्य, कुमारी थापा र सुनिता बोहरा, दलिततर्फ गोपाल नेपाली, नवेन्द्र नेपाली, कौशिला कामी र युवातर्फ विश्वबिक्रम शाह सर्वसम्मत चयन भएका छन्। एमाले जाजरकोटका अनुसार छनौट भएका सबै प्रतिनिधिहरु संथापनपक्ष ओली समूहका हुन्।

त्यस्तै, नेकपा एमाले कालीकोट जिल्ला कमिटिले ८ जना नेताको नाम प्रतिनिधिका लागि सर्वसम्मत रुपमा चयन गरेको छ। खुल्लामा तुलाराज मल्ल, कुर्मराज शाही, दयाराम सिम्खाडा र तपेन्द्र शाही, महिलामा सुभद्रा सिंह, जलशा बुढा र दलितमा ब्यासी तिरुवा र युवातर्फ टेक बोगटी (प्रबिन) सर्वसम्मत चयन भएका छन्।

एमाले जिल्ला कमिटि अध्यक्ष समेत रहेका प्रतिनिधि तुलाराज मल्ल एमाले अध्यक्ष ओली निकट हुन्। उनीसँगै कुर्मराज शाही, दरायाम सिम्खाडा, जलशा बुढा लगायतका नेताहरु ओलीको पक्षमा छन् भने अन्य प्रतिनिधिहरु खुलेका छैनन्।

त्यस्तै, एमाले जुम्लाले ६ जना प्रतिनिधिको नाम सर्वसम्मत चयन गरेको छ। खुल्लामा जिल्ला अध्यक्षसमेत रहेका शान्तिलाल महत, देविलाल थापा, महिलातर्फ मेनका पछाईं, शान्ता शाही, दलिततर्फ रामबहादुर नेपाली र युवातर्फ धिरज जैशी सर्वसम्मत रुपमा चयन भएका छन्।

सल्यान जिल्लाबाट ८ जना नेताको नाम प्रतिनिधिका लागि चयन भएको छ। खुल्लातर्फ चार जना प्रतिनिधि चयन भएका छन्। जसमा

▶▶ बाँकी ४ पेजमा



## सम्पादकीय....

# एमाले भित्रको शक्ति सन्तुलन


नेकपा (एमाले) को आसन्न ११औं महाधिवेशन नजिकिँदै गर्दा कर्णाली प्रदेशबाट प्रतिनिधि छनौंट प्रक्रियाले पार्टीभित्रको राजनीतिक सन्तुलनलाई स्पष्ट पारेको छ। ४७ हजार संगठित सदस्य रहेको कर्णालीले महाधिवेशनमा उल्लेख्य उपस्थिति जनाउने तयारी गरेको छ। प्रतिनिधि छनौंट प्रक्रियाको सबैभन्दा रोचक पक्ष के छ भने कर्णालीबाट चयन भएका अधिकांश प्रतिनिधिहरू अध्यक्ष केपी शर्मा ओलीको लाइनमा खुलेर उभिएका छन्। वरिष्ठ उपाध्यक्ष तथा अध्यक्षका प्रत्यासी ईश्वर पोखरेल भने कर्णालीमा तत्कालका लागि एक्लो देखिएका छन्। प्रतिनिधि मात्र होइनन्, केन्द्रीय, पोलिटब्युरो र स्थायी कमिटीका सदस्यहरू समेत ओली पक्षमै देखिनु कर्णालीमा ओलीको पकड अझै कडा रहेको प्रमाण हो। कर्णालीका २४ मध्ये २३ जना केन्द्रीय सदस्यहरू ओली पक्षमा उभिनुले महाधिवेशनमा नेतृत्व छनौंटका लागि कर्णालीले कुनै वैकल्पिक लाइन नखोज्ने संकेत गर्छ। पोलिटब्युरोमा रहेका तीनै जना सदस्य पनि ओली पक्षमा उभिएको यथार्थले पोखरेलले कर्णालीमा प्रभाव बनाउने सम्भावनालाई झनै कमजोर बनाएको छ।

महाधिवेशन प्रतिनिधिहरूको दावीअनुसार कर्णालीमा ओलीको विकल्प छैन भन्ने धारणा बलियो बनेको देखिन्छ। यद्यपि, प्रतिनिधिहरूले खुला रूपमा भन्दैनन् भन्ने आन्तरिक राजनीतिक संस्कृति पनि अडेको देखिन्छ। कर्णालीको अर्को महत्वपूर्ण समीकरण स्थायी कमिटी सदस्य तथा प्रदेशकै दुई वरिष्ठ नेता–यामलाल कँडेल र गोरखबहादुर बोगटीबीचको सचिव पदका लागि हुनसक्ने प्रतिस्पर्धा हो। कँडेल अहिले प्रदेशका मुख्यमन्त्रीसमेत हुन् भने बोगटी प्रदेश इन्चार्जका रूपमा सक्रिय छन्। २०८० को प्रदेश अधिवेशनमा कँडेल समूहले प्रदेश कमिटीमा स्थापित गरेको वर्चस्व र राजनीतिक वरिष्ठताका कारण महाधिवेशनमा पनि कँडेल नै बलियो दाबेदार देखिन्छन्। बोगटीले खुलेर उम्मेदवारी घोषणा गरे पनि शक्ति सन्तुलन कँडेलतर्फ बढी झुकेको अनुमान सहजै गर्न सकिन्छ। कर्णालीको प्रतिनिधि छनौट प्रक्रियाले भने एउटा स्पष्ट सन्देश दिएको छ। एमालेको आगामी नेतृत्व चयनमा कर्णाली एकै आवाजमा उभिने छ र त्यो आवाज ओली नेतृत्वलाई नै सुदृढ बनाउनेतर्फ केन्द्रित छ।

पोखरेलजस्ता वैकल्पिक नेतृत्वका लागि कर्णाली प्रदेशमा तत्काल कुनै राजनीतिक ठाउँ बनेको देखिँदैन। आगामी ११औं महाधिवेशन केवल नेतृत्व परिवर्तन वा चयनको औपचारिक प्रक्रिया मात्र नभई पार्टीभित्र शक्ति सन्तुलन कसरी पुनर्स्थापित हुन्छ भन्ने हो। कर्णालीको वर्तमान धारणा र प्रतिनिधिको संरचना हेर्दा एमालेको नेतृत्व केन्द्रमा ओलीको वर्चस्व अझै अटल रहन्छ भन्ने संकेत गर्छ। महाधिवेशनले कस्तो परिवर्तन ल्याउँछ भन्ने टुङ्गो भोलिका दिनले लगाउनेछ। तर, कर्णालीका एमालेजनहरु पछिल्लो सयम उठिरहेको नेतृत्व हस्तान्तरण र पुस्तान्तरणमा तत्काल विकल्प खोज्न तयार छैनन्। विशेष गरी २३-२४ भदौको जेन-जी आन्दोलनपछि दलहरुबीच तीव्र धुव्रिकरण र नेतृत्व हस्तान्तरणको विषय सतहमा छ। तर, एमाले भने यसको विपक्षमा छ। एमालेको आगामी महाधिवेशनमा ओलीको विकल्प पोखरेल देखिएपनि यसको भित्र अन्तर्य भने बेग्लै छ। एमालेमा विकसित भइरहेको राजनीतिक कोर्ष भनेकै ओलीलाई विस्थापित गरेर पूर्वपार्टी उपाध्यक्षसमेत रहेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी समूह नेतृत्व हत्याउने प्रयत्नमा देखिन्छ। राजनीतिको भाषमा यसलाई सम्भव नहोला भन्न पनि सकिदैन। भण्डारीको सदस्यता नविकरण भएको खण्डमा पोखरेल मोहोडा बन्ने थिएनन्। जे होस् एमालेको यसपटकको महाधिवेशन भने रोचक नै हुनेछ। एमालेमा आफु सर्वेसर्वा ठान्ने अध्यक्ष ओलीको पुनः उदय हुन्छ वा पतन ! त्यो हेर्न धैरै सयम पर्खन पर्नेछैन।

## विश्व

# भेनेजुयलाप्रतिको अमेरिकी कदमको क्युबाले गऱ्यो आलोचना



**हवाना, १४ मंसिर ।**
क्युबाले संयुक्त राज्य अमेरिकामाथि भेनेजुयलाको नेतृत्वलाई बलपूर्वक हटाउने दिशामा अघि बढेको आरोप लगाएको छ। त्यस्तै क्यारेबियन क्षेत्रमा अमेरिकी सैन्य बलको बढ्दो तैनाथीले क्षेत्रीय स्थिरतामाथि खतरा ल्याउने पनि उसले चेतावनी दिएको छ। 'हामी संयुक्त राज्य अमेरिकाका जनतालाई यो पागलपन रोक्न दबाब दिन अपिल गर्छौं,' क्युबाका विदेशमन्त्री ब्रुनो रोड्रिगेजले मंगलबार एक विज्ञप्ति जारी गर्दै भनेका छन्।

यस्तो कार्यमार्फत 'अमेरिकी सरकारले असंख्य मृत्यु निम्त्याउन सक्छ। यस गोलार्द्धमा हिंसा र अस्थिरताको परिदृश्य सिर्जना गर्न सक्छ, जुन अकल्पनीय हुनेछ,' विज्ञप्तिमा भनिएको छ। यस्तो कार्यले अन्तर्राष्ट्रिय कानुन साथै संयुक्त राष्ट्र संघको बडापत्रको उल्लंघन गर्ने पनि हवानाको दाबी छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोविरुद्ध थप कारबाहीमाथि मूल्यांकन गरिरहँदा यस्तो निन्दा आएको हो। ट्रम्प प्रशासनले बारम्बार मादुरोलाई अमेरिकामा लागुपदार्थ तस्करी गर्ने अभियानको नेतृत्व गरेको आरोप लगाएको छ। तथापि, वासिंटनले आफ्नो दाबीलाई बल पुग्ने कुनै प्रमाण पेस गरेको छैन।

विगत दुई महिनामा अमेरिकाले क्यारिबियन सागर र प्रशान्त महासागरमा २१ वटा डुंगामा बम विस्फोट गराएको छ, जसमा कम्तीमा ८३ जना मारिइसके। आक्रमणको निसानामा परेका डुंगाहरू लागुपदार्थको तस्करीमा संलग्न रहेको अमेरिकाको दाबी छ। तर, अधिकारीहरूले लागुपदार्थ तस्करको उपस्थिति रहेको प्रमाण सार्वजनिक गरेको छैन।

अमेरिकाले अहिले क्यारेबियन क्षेत्रमा सैन्य तैनाथी बढाउँदै लगेर १५ हजार पुऱ्याएको छ, जुन दशकौंयताको सबैभन्दा ठुलो हो। ट्रम्पले क्यारेबियन क्षेत्रमा सैन्य तैनाथी मदुरोलाई अपदस्थ गर्न नभएको बताएका छन्। तर, सन् २०१३ देखि सत्तामा रहेका राष्ट्रपति मदुरोले भने वासिंटनले आफू सत्ताबाट हटाउने लक्ष्य राखेको र भेनेजुयला सेना तथा जनताले त्यसको प्रतिरोध गर्ने बताएका छन्।

## विश्व एड्स दिवसः

# एचआइभी रोकथामका लागि रुपान्तरणकारी रणनीति



✍ झविन्द्र भण्डारी

प्रत्येक वर्ष डिसेम्बर १ मा विश्व एड्स दिवस मनाइन्छ। यो दिवसले एचआइभी/एड्सका बारेमा जनचेतना बढाउने मात्र होइन, धेरै प्रभावित व्यक्ति, परिवार र समुदायहरूलाई कसरी रोकथाम, उपचार र सहयोग सुनिश्चित गर्ने भन्ने महत्वपूर्ण सवालमा सरोकारवालाहरुको ध्यानाकर्षण पनि गर्छ।

एड्सबाट मृत्यु भएका व्यक्तिहरुको सम्झना गर्ने दिन पनि हो। यो वर्षको नाराले सङ्क्रमितको आवाजलाई सम्बोधन गर्दै एड्सको रोकथामका प्रयासलाई रुपान्तरण गर्ने अभियानलाई विशेष जोड दिएको छ।

एचआइभीको प्रकोप अझै सकिएको छैन। धेरै व्यक्ति, परिवार र समुदायहरु अझै पनि एचआइभी सङ्क्रमणको जोखिममा छन्। युएनएड्सको प्रतिवेदनअनुसार सन् २०२४ को अन्त्यसम्म करिब नौ मिलियन एचआइभी सङ्क्रमितहरुले उपचार पाएका छैनन्। सन् २०२४ मा १.३ मिलियन व्यक्तिहरू सङ्क्रमित भएका थिए। राष्ट्रिय एड्स, तथा यौनरोग केन्द्रका अनुसार २०२४ को अन्त्य ३४ हजार ३३७ जना एचआइभी सङ्क्रमित भएको अनुमान रहेको छ, जसमध्ये ७७ प्रतिशतले उपचार पाएका छन्। देशका ६४ जिल्लामा ९६ एआरटी केन्द्रबाट एन्टी रेट्रोभाइरल उपचार निःशुल्क उपलब्ध छ। सन् २०२४ मा मात्रै ५६९ व्यक्तिको एड्सका कारणले मृत्यु भएको अनुमान छ। यो सन् २०१० को तुलनामा ८६ प्रतिशतले घटेको हो।

**समन्वयात्मक प्रयासको खाँचो**

नेपालको एचआइभी अवस्था केन्द्रीकृत महामारी हो। उच्च जोखिममा रहेका समूहहरू जस्तै लागुपदार्थको प्रयोग गर्ने यौनकर्मी, पुरुष समलिङ्गी, तथा तेस्रोलिङ्गी यौनकर्मीमा एचआइभी सङ्क्रमण बढी छ। अहिलेसम्मको तथ्याङ्क हेर्दा लागुपदार्थ प्रयोग गर्नेमा ३ प्रतिशत, महिला यौनकर्मीमा २.२ प्रतिशत पुरुष समलिङ्गीमा ६.२ प्रतिशत, भारतमा काम गर्न जाने नेपाली कामदारमा ०.२ प्रतिशत रहेको छ।

सरकारले सन् २०३० मा एड्सको महामारीलाई अन्त्य गर्ने महत्वाकाङ्क्षी लक्ष्य लिएको छ। अन्य मुलुकहरुमा जस्तैः नेपालले पनि एचआइभी नियन्त्रणका लागि महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। यसका लागि नीति, रणनीति र निर्देशिकाहरूको कार्यान्वयनले पनि यी उपलब्धिहरू हासिल भएका हुन् तर यी उपलब्धिलाई निरन्तरता दिन नेपालले पनि दिगो मार्गचित्रको संरचनात्मक खाका तयार गर्नुपर्ने देखिन्छ तर यसका लागि अझै पनि समन्वयात्मक प्रयास भएको छैन।

अतिकम विकसित देशमा एचआइभी रेस्पोन्स अझै पनि जोखिममा छ किनकी उच्च जोखिममा परेका समूहहरूमा रोकथाम, परीक्षण, उपचार र आधारभूत स्वास्थ्य सेवाहरु पर्याप्त छैनन्। समुदायकै नेतृत्वमा सञ्चालित एचआइभी सेवा पनि अन्तरराष्ट्रिय रूपमै बजेट कटौतीका कारण रोकिने अवस्थामा छन्। यसले गर्दा स्वास्थ्य सेवामा पहुँच, मानवअधिकार, लैङ्गिक समानता, समावेशीता, समता, सामाजिक न्यायजस्ता सवालहरु ओझेलमा पर्दैछन्। अनि सीमान्तकृत र प्रभावित समूहहरु थप बञ्चितीकरणमा पर्ने जोखिम बढ्छ।

एचआइभी रेस्पोन्सका लागि बाह्य दातृ निकायमा निर्भर रहने परम्पराले पनि यतिछिट्टै उल्लेख्य बजेट कटौती भएपछि एचआइभी कार्यक्रमहरुको निरन्तरता र दिगोपनमा थप सङ्कट र चुनौती थपिएको छ। यो परिस्थितिको सामना गर्न राज्यले आन्तरिक बजेट बढाउनुपर्ने, एचआइभी कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरुसँग साझेदारी बढाउने र स्थानीय नागरिक समाज एवं उच्च जोखिममा परेका समूहहरुको क्षमता अभिवृद्धिलाई संस्थागत गर्नुपर्ने देखिन्छ। यसका लागि एचआइभी सेवालाई समावेशी, एकीकृत र जनकेन्द्रित स्वास्थ्यको मोडेलमा रुपान्तरण गर्न जरुरी छ।

दिगो रोकथामका लागि स्वास्थ्यबाहेकका अन्य शिक्षा, सहरी विकास, श्रम तथा रोजगार. बालबालिका, महिला, सामाजिक संरक्षणलगायत क्षेत्रमा समन्वय र सहकार्य बढाउनुपर्ने देखिन्छ। बहुक्षेत्रीय समन्वयले नै एचआइभी रोकथामको माग र सेवाको कभरेज बढाउन उल्लेख्य सहयोग गर्छ। केही क्षेत्रीय र अन्तरराष्ट्रियस्तरबाट प्राप्त अनुभव र सिकाइबाट स्थापित भएका रोकथाम, परीक्षण र उपचारका नयाँ प्रविधि र अभ्यासहरुलाई पनि कार्यान्वयन गर्नुपर्ने देखिन्छ। दक्षिण पूर्वी एशियाका देशहरु जस्तैः थाइल्याण्ड, कम्बोडियाका एचआइभी रेस्पोन्सका कार्यक्रम सफल मानिन्छन्। ती अभ्यासहरूलाई नेपालले पनि अनुसरण गर्न सक्छ तर यी नयाँ प्रयासहरु पर्याप्त जनशक्ति र प्राविधिक क्षमताको अभावले गर्दा अपेक्षा गरेअनुरुप स्थानीय तहमा प्रभावकारी रुपमा विस्तार हुन सकेका छैनन्।

एचआइभी सङ्क्रमित व्यक्तिलाई उपचार सेवामा पहुँच बढाउन प्रदेश र स्थानीय स्तरमा परीक्षण, परामर्श र प्रेषण सेवालाई उच्च प्राथमिकतामा राखिएको छ। एचआइभी एड्सकाबारेमा जनचेतना बढे पनि दुर्गम क्षेत्रमा सङ्क्रमित व्यक्ति र उनीहरूको परिवारले स्थानीय संस्थाहरुमा पाउनुपर्ने गुणात्मक उपचार, परामर्श सेवा र सहयोग उपलब्ध छैनन्। कतिपय स्वास्थ्य संस्थामा तालिम प्राप्त जनशक्ति, औषधि र प्रयोगशालाको अभावले गर्दा एचआइभी सेवाहरु प्रभावित भएका छन्। एचआइभी सेवाको प्रवाहमा असमानतामा घटाउँदै समुदाय र स्वास्थ्य प्रणालीलाई अझ बढी समावेशी, उत्थानशील र दिगो बनाउने दिशामा नयाँ राष्ट्रिय एचआइभी रणनीतिले स्पष्ट मार्गचित्र दिने अपेक्षा गरिएको छ।

त्यसैले एचआइभी रोकथामका लागि उच्च राजनीतिक प्रतिबद्धता, स्पष्ट राष्ट्रिय कार्ययोजना र आवश्यक प्राविधिक स्रोत सुनिश्चित गर्न आवश्यक छ।

**थपिँदो चुनौती**

पहिलेदेखि नै राष्ट्रिय एचआइभी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमन गर्न अन्तरराष्ट्रिय साझेदार संस्थाले प्राविधिक सहयोगमा निरन्तरता दिँदै आएका थिए। यो सहयोगले एचआइभी सेवामा जोखिम समूहको पहुँच बढाउन उल्लेख्य सहयोग पुगेको देखिन्छ। तर अहिलेका सन्दर्भमा अन्तरराष्ट्रियस्तरमै बजेट कटौतीले गर्दा दातृ निकायको आर्थिक र प्राविधिक सहयोग उल्लेख्य रुपमा घटेको छ। यो चिन्ताको विषय हो किनकी एचआइभीका सेवालाई कसरी निरन्तरता दिने भन्ने विषय अहिले मुख्य सवाल बनेको छ। यो परिवेशमा राष्ट्रिय र स्थानीयस्तरमा नागरिक समाजका सञ्जालमार्फत सञ्चालित एचआइभी रोकथाम र उपचार सेवा अझ बढी परिणाममुखी बनाउन उनीहरूको सहभागिता र क्षमता अभिवृद्धि सुनिश्चित गर्न जरुरी देखिन्छ।

अर्कोतिर उच्च जोखिममा रहेका समूहहरूको यौनरोग, एचआइभी रोकथाम र उपचार सेवामा सहज पहुँचका लागि सूचना, सञ्चार र परामर्श सेवालाई विस्तार गर्न जरुरी छ। उनीहरूको सुरक्षित जीवनशैलीका लागि व्यवहार परिवर्तनमा जोड दिने कार्यक्रम बढी प्रभावकारी भएका छन्। समुदायस्तरमा उपलब्ध एचआइभी रोकथाम र उपचार सेवाको नतिजामूलक अनुगमन र सहभागितामूलक मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै तथ्यमा आधारित रोकथामका रणनीति र कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ।

यीबाहेक उपलब्ध स्रोतको पारदर्शिता, समतामूलक वितरण र परिचालनमा थप सुधार गर्नुपर्छ। गुणात्मक एकीकृत एचआइभी सेवाको निरन्तरता सुनिश्चित गर्न आन्तरिक स्रोत परिचालन पर्याप्त रुपमा बढाउन सकिएको छैन। त्यसैले एचआइभी कार्यक्रमको बजेट तर्जुमा र योजना प्रक्रियामा प्रादेशिक र स्थानीय सरकारको क्षमता बढाउँदै सार्वजनिक-निजी साझेदारीको अवधारणालाई प्रवर्द्धन गर्नुपर्छ। यसले राष्ट्रिय अपनत्व पनि बढाउँछ।

**बहुक्षेत्रीय समन्वय र सहकार्य**

राष्ट्रिय एचआइभी रणनीतिका आधारमा प्रदेश र स्थानीय तहमा बृहत् कार्ययोजना तयार गरी प्रभावकारी कार्यान्वयन लागि स्वास्थ्य मन्त्रालय, राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र, राष्ट्रिय समन्वय संयन्त्र, ग्लोबल फण्ड, विश्वस्वास्थ्य सङ्गठनलगायत अन्य दातृ निकायसँग समन्वय र सहकार्य अझै सुदृढ बनाउनुपर्ने देखिन्छ। एचआइभी सङ्क्रमित बालबालिकाका लागि आवश्यकपर्ने शिक्षा स्वास्थ्य र पोषणका लागि सामाजिक संरक्षणका कार्यक्रम अझै पनि सीमित छन्। प्रदेश र स्थानीय सरकारले एचआइभी रोकथामका प्रमुख सवाललाई सम्बोधन गर्दै आवश्यक स्रोत परिचालनका लागि बलियो राजनीतिक नेतृत्व, प्रतिबद्धता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्नुपर्छ।

एचआइभी/एड्स जनस्वास्थ्यको मात्र सवाल होइन, यो दिगो मानवीय विकास दिगो विकाससँग जोडिएको महत्वपूर्ण चुनौती हो। त्यसैले यसको समाधानका लागि सबैको जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ। स्रोतको अभावले प्रभावित व्यक्ति, परिवार र समुदायले थप सङ्कट भोग्नुपर्ने अवस्था हुनु विडम्बना हो। तसर्थ राज्यले बनाउने एचआइभी/एचआइभी रणनीतिले बलियो राजनीतिक प्रतिबद्धतासहित समावेशी र जनकेन्द्रित पद्धतिलाई प्रवर्द्धन गर्दै स्पष्ट कार्ययोजना बनाउनुपर्ने देखिन्छ। एचआइभीसँग जोडिएका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक र संरचनागत असमानता न्यूनीकरण गर्न समुदायको अर्थपूर्ण सहभागिता सुदृढ गर्दै अधिकारमा आधारित बहुक्षेत्रीय समन्वय र सहकार्य अपरिहार्य छ।

*(लेखक जनस्वास्थ्य परामर्शदाताका रुपमा कम्बोडिया र लाओसमा कार्यरत हुन्)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: दिगो योजनाका लागि धैरै रकम जुटाउनुपर्ला। अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ। खर्च लागे पनि नयाँ तथा दिगो काममा लगानी बढाउने अवसर प्राप्त हुनेछ।

**वृष**: प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ।

**मिथुन**: मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ। विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ। प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ।

**कर्कट**: फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला। चिताएको काम छिटै सम्पादन हुनेछ।

**सिंह**: अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। बेसुरको निर्णयले समस्या आउला। अध्ययन र व्यापारमा सोचेको फाइदा नउठ्न सक्छ।

**कन्या**: दिन रमाइलो र उत्साहजनक रहनेछ। प्रियजनसँग भेटघाट वा सम्पर्क हुनेछ। अतिथिको रूपमा सत्कार पाइने ग्रहयोग छ।

**तुला**: समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला।

**वृश्चिक**: बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।

**धनु**: निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला। अवसरले पछ्याए पनि चुनौतीहरूसँग जुध्नुपर्नेछ।

**मकर**: मिहिनेतले नियमित कामबाट फाइदा उठाउन सकिनेछ। तर अनावश्यक हल्लाको पछि लाग्दा व्यर्थैमा दुस्ख पाइनेछ। प्रक्रिया नमिल्नाले काम

**कुम्भ**: अवसर प्राप्त भए पनि समयको महत्त्व नबुझ्नाले पछि परिनेछ। अध्ययनमा धेरै समय दिन नसकिएला। अरूको मुख ताक्ने बानीले पनि काम अधुरो रहनेछ।

**मीन**: अवसरका साथ चुनौती पनि देखा पर्नेछन्। आगन्तुकहरूले अलमल्याउने हुनाले जीवनशैली व्यस्त रहनेछ।

# जेनजी आन्दोलनका १६९ घाइतेको वर्गीकरण

**युग संवाददाता**
**काठमाडौँ, १४ मंसिर ।**
गत भदौ २३२४ गते भएको जेनजी प्रदर्शनमा काठमाडौँमाघाइतेभएकाहरूकोवर्गीकरण गरिएको छ । आजसम्म कूल १६९ जना घाइतेको विवरण प्राप्त भई वर्गीकरण गरिएको जिल्ला प्रशासन कार्यालय काठमाडौँले जनाएको छ।

दुई चरणमा गरेर घाइतेहरूको वर्गीकरण गरिएको जिल्ला प्रशासन कार्यालय काठमाडौँका सहायक प्रमुख जिल्ला अधिकारी एवं सहायक प्रवक्ता मुक्तिराम रिजालले जानकारी दिए।

चार समूहमा घाइतेहरूको वर्गीकरण गरिएको बताउँदै उनले अतिगम्भीर घाइतेको सूचीमा १५, गम्भीर घाइतेको सूचीमा ५१, मध्यममा ३६ र सामान्य घाइतेको सूचीमा ६७ जना रहेका जानकारी दिए।

उनका अनुसार यही मङ्सिर ५ गते र १२ गते दुई चरणमा छलफल गरी घाइतेहरूको वर्गीकरण गरिएको हो। असक्तहरूको हकमा भने उपचाररत अस्पतालमा गएर टोलीले वर्गीकरण गरेको उनले बताए।

## ९ जिल्लामा...

अन्य प्रदेश कमिटिबाट प्रतिनिधि चयन भएका छन् ।

**डोल्पा अध्यक्ष रोकाया युवाबाट प्रतिनिधि**

त्यस्तै, शनिबार एमाले डोल्पा जिल्ला पार्टी कार्यालयमा विभिन्न पालिकाबाट सिफारिस भएर आएका केन्द्रीय महाधिवेशन प्रतिनिधिहरु सबै संस्थापन पक्षका रहेका छन्।

एमाले जिल्ला पार्टी अध्यक्ष लंकबहादुर रोकाया महाधिवेशन प्रतिनिधि चयन भएका छन्। उनी युवा (४० वर्षमुनि) कोटाबाट चयन भएका हुन्। डोल्पाबाट कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री शेरबहादुर बुढा, गोपाल बि.क, चन्द्राकुमारी बुढा, बिश्वचन्द्र डसाल, धावासम्दुक गुरुङ, जिल्ला पार्टी उपसचिव जुनी बुढा र नन्दसिंह बुढा सर्वसम्मत चयन भएका छन्।

जिल्ला अध्यक्ष लंकबहादुर रोकायाले प्रतिनिधि छनौंटमा कुनै विवाद नभएर सर्वसम्मत रुपमा चयन भएको जानकारी दिए। उनले छनौट भएका प्रतिनिधिहरु सबै संस्थापन पक्षका रहेका दाबी गरे।

**सचिवमा कर्णालीबाट बोगटी आकांक्षी**

एमालेको ११औं महाधिवेशनमा कर्णाली प्रदेशबाट हुम्लाबा गोरखबहादुर बोगटीले सचिव पदमा आकांक्षा देखाएका छन्। नेता बोगटी लामो समयदेखि पार्टीको केन्द्रीय कमिटि देखि पोलिटब्यूरो सदस्य हुँदै हाल स्थायी कमिटि सदस्यको जिम्मेवारीमा छन्।

कर्णाली प्रदेशबाट प्रतिनिधि चुनिएका अधिकांश नेताहरु संस्थापन पक्ष अर्थात् एमाले अध्यक्ष केपी शर्मा ओली समूहका छन्। हालसम्म कुनै पनि प्रतिनिधि एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसँग खुलेका छैनन्। नेकपा एमाले कर्णाली प्रदेश कमिटि इन्चार्ज समेत रहेका स्थायी कमिटि सदस्य बोगटी ओलीका विश्वास पात्र हुन्।

कर्णाली प्रदेशबाट छनौंट भएका सबै प्रतिनिधिहरु ओली समूहका भएका कारण बोगटीलाई चुनावमा सहज हुने एमालेका एक नेताले बताए। साथै बोगटीले नेता-कार्यकर्तामार्फत पदाधिकारीमा चुनाव लड्ने कुरा सांकेतिक रुपमा दिइसकेका छन्।

त्यस्तै, कर्णाली प्रदेशबाट स्थायी कमिटि सदस्य तथा कर्णाली प्रदेशका मुख्यमन्त्री सुर्खेतका यामलाल कँडेल पनि पदाधिकारी पदका दाबेदार छन्। चितवनमा भएको एमालेको १० औं राष्ट्रिय महाधिवेशनमा सचिवमा दाबेदार रहेका कँडेललाई सर्वसम्मत पदाधिकारी चयन गर्दा स्थायी कमिटि सदस्यको जिम्मेवारी दिइएकको थियो।

## कर्णाली...

इरास्मसले टोलीलाई जितसम्म डोऱ्याए।

इरास्मस ३३ बलमा ४३ रन बनाउँदै अविजित रहे। भीम सार्कीले २ बलमा ६ रन प्रहार गर्दै खेल जिताए। बलिङतर्फ कर्णाली याक्सका नन्दन यादवले ४ ओभरमा ३५ रन खर्चेर ३ विकेट लिए पनि टोलीलाई हारबाट जोगाउन सकेनन्। पवन सर्राफले १ विकेट लिए भने कप्तान सोमपाल कामी ३ ओभरमा ३५ रन दिँदै विकेटविहीन रहे।

यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको कर्णाली याक्सले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १४९ रन बनाएको थियो। कर्णालीको सुरुवात निकै खराब रह्यो। पहिलो ओभरमै टोलीले जम्मा १ रन जोड्दा २ महत्वपूर्ण विकेट गुमाएको थियो। प्रियांक पञ्चल ० र विलियम बोसिस्टो १ मा आउट भएका थिए।

सुरुवाती दबाबका बाबजुद मार्क वाट र पवन सर्राफले इनिङ्स सम्हाले। वाटले ३० रन र सर्राफले ३५ रनको योगदान दिए। कर्णालीलाई सम्मानजनक स्कोरमा पुऱ्याउन गुल्सन झाले अन्तिम ओभरहरूमा आक्रामक ब्याटिङ गरे। सातौँ नम्बरमा आएका झाले २२ बलमा ६ चौका र ३ छक्कासहित अविजित ४९ रन बनाए। काठमाडौंका बलरहरूमा रासिद खानले २ तथा करण केसी, मिलिन्द कुमार र सन्तोष यादवले १-१ विकेट लिए।


## सूचना। सूचना।। सूचना।।।

यस संस्थाको बार्षिक साधारण सभा सहकारी ऐन २०७४ र नियमावली २०७५ मा गरीएको व्यवस्था अनुसार संस्थाको कार्यक्षेत्र भित्रका सम्पूर्ण शेयर सदस्यहरुको उपस्थिती निम्न लिखित मिति, समय र स्थानमा सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

**मिती :-** २०८२/०८/१६
**स्थान :-** टकोमा होटल
वीरेन्द्रनगर-३, हिलेखाली
**समय :-** बिहान ११:०० बजे।

**सम्पर्क स्थान**

**हिमाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**वीरेन्द्रनगर नगरपालिका वडा नं. ३, सुर्खेत**



## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिका कार्यालय
## सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

**प्रकाशित मिति : २०८२/०९/१५ गते**

सुर्खेत वी.न.नपा बस्ने श्री कौडा कामीले यस वी.न.न.पा. वडा नं. ३ साविक लाटीकोइली ८ कि.नं. ३२१०, क्षेत्रफल ८५.०० वर्ग मी. मा घर निर्माणका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**
**पूर्व जग्गाधनी :** भिमबहादुर थापा (कित्ता नं. ४०६८)
**पश्चिम जग्गाधनी :** तिलक बडुवाल (कित्ता नं. १३८१)
**उत्तर जग्गाधनी :** कलिसरा बुढा (कित्ता नं. ५१९)
**दक्षिण जग्गाधनी :** बाटो



## भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**छिन्चु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## दर रेट पेश गर्नेबारे सूचना

**मिति : २०८२/०८/१५**

प्रस्तुत बिषयमा यस भेरीगंगा नगरपालिकाको तपसिलमा उल्लेखित कार्य गर्नुपर्ने देखिएको हुदा यस कार्यालय बाट सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति २०८२/०८/२१ गते दिनको ४:०० बजे सम्ममा) इच्छुक सप्लायर्स/फर्महरुले भेरीगंगा नगरपालिकाको वेबसाइट www.bherigangamun.gov.np मा यसै सूचना साथ राखिएको BOQ भरि सुचिकृत भई आफ्नो दररेट सिलबन्दी गरि यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सरोकारवालामा यो सूचना प्रकाशित गरिएको छ।

**नोट:** म्याद नाघी पेश भएका प्रस्ताव मान्य हुने छैन।

| क्र. सं. | कार्यक्रमको नाम | अधिकतम रकम रु. (भ्याट सहित) | आवश्यक कागजात |
|---|---|---|---|
| १. | रंगिन जस्ता पाता खरिद, भेरिगंगा-०४ | रु. ३,०२७,५३.५६/- | १. आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>२. फर्म/सप्लायर्स दर्ता संग सम्बन्धित सम्पूर्ण कागजातहरुको प्रतिलिपि<br>३. सुचिकृत भएको रसिद तथा प्रमाणको प्रतिलिपि |
| २. | ठुटेपिपल र हत्तिसुड़े कांसघारी सिचाई मोटर खरिद, भेरिगंगा-०४। | रु. १,५४४,८२.३०/- | |
| ३. | मालुलोसे गोविन्दको घर हुँदै रिठाको बुटा पाइप खरिद | रु २,४९९,१३.०६/- | |
| ४. | मोटर पाइप तथा च्याप कटर खरिद (गरिबसंग विशेस्वोर कार्यक्रम) | रु ४,७९,९८१.८६/- | |

**कृष्ण प्रसाद पोख्रेल**
**प्रमुख प्रशासकिय अधिकृत**



**फारुला जुगेना खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, कालिमाटी ३, सल्यान**
**खैरला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, कालिमाटी ५, सल्यान**
**पाखापानी डाँडागाँउ हल्दे किचेनखोला उ.मा.बि. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति,कालिमाटी २ र ३, सल्यान**
**पिप्ले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, कालिमाटी ४, सल्यान**

## को
## संयुक्त खरिद समिति
**कालिमाटी, सल्यान**

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित सूचना: मिति: २०८२ मंसिर १५ गते**

एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम, हेल्भेटास नेपालको आर्थिक सहयोगमा स्थानीय साझेदार संस्था सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेतको सहजीकरणमा कालिमाटी गाउँपालिका,सल्यानमा संचालित खानेपानी तथा सरसफाइ योजनाहरुको लागि खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले सिलवन्दी दरभाउपत्रमा उल्लेख गरिएको शर्तहरु र सामाग्रीको गुणस्तर (स्पेसिफिकेशन) बमोजिमको सामाग्रीहरु सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका आपूर्तिकर्ता, फर्म वा कम्पनिवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोछ।

**प्याकेज १ :**
समुह क : एच.डि.पि.ई. पाइप, जि.आई. पाइप, जि.आई./ब्रास फिटिङ्ग, औजार, अन्य साामाग्रीहरु (सरिया, ग्याविन तार, काँडेतार, वाइडिङ्ग तार, कुखुरेजाली, टंकी इत्यादि)
समुख ख : फलामे निर्माण सामाग्री (फेव्रिकेटेड सामाग्रीहरु)
समुह ग : सिमेन्ट (ओ.पि.सि. ५३ ग्रेड)

**शर्तहरु:**
१. दरभाउपत्र निम्न स्थानमा नि:शुल्क उपलब्ध हुने वा लिङ्कबाट डाउनलोड गर्न सकिने छ।
सिलवन्दी दरभाउपत्र पाइने स्थान: सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेत
अथवा, सिलवन्दी दरभाउपत्र डाउनलोड गर्नका लागि लिङ्क:
https://notice.helvetasnepal.org वा www.sundarnepal.org.np
दरभाउपत्र डाउनलोड वा प्राप्त गर्न केही समस्या भएमा ०८३ ५२३५३० वा ९७६४३६०२६५ (संयोजक-संयुक्त खरिद समिति) नं. मा सम्पर्क गर्न सकिनेछ।
२. दरभाउपत्र बुझाउने अन्तिम मिति र स्थान:
दरभाउपत्र बुझाउने अन्तिम मिति: २०८२ पुष १ गते (१६ डिसेम्बर २०२५), दिउसो १२.०० बजे भित्र
दरभाउपत्र बुझाउने स्थान: सुन्दर नेपाल संस्था, विरेन्द्रनगर, सुर्खेत फोन नं. ०८३ ५२०९२६, ५२३५३०
म्याद नाघी वा रित नपुगी आएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।
३. दरभाउपत्र पेश गर्ने सप्लायरले संयुक्त खरिद समिति वा उपभोक्ता समितिले जारि गरेको परिमाण सुची (Bill of quantity) मा मात्र दरभाउ पेश गर्नु पर्नेछ। अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन।
४. सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान:
मिति: २०८२ पुष १ गते (१६ डिसेम्बर २०२५), दिउसो १:०० बजे
स्थान: सुन्दर नेपाल संस्था, केन्द्रीय कार्यालय विरेन्द्रनगर, सुर्खेतको कार्यालय
सिलवन्दी दरभाउपत्र दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
५. सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी भै उपभोक्ता समितिले सामाग्री चेकजांच र प्राप्त गरे पछि मात्र आपूर्तिकर्तालाई भुक्तानी गर्नेछ।
६. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना अहिले प्रकाशित भएका पत्रिकाहरु वा माध्यमबाट नै गरिने छ।
७. दरभाउपत्र पेश गर्दा सिलवन्दी दरभाउपत्र साथ नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट ७५ दिन मान्य अवधि (दरभाउपत्र खोलिने मिति देखि गणना हुनेगरी) भएको सक्कल बैंक जमानत दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ।
जमानत जारी गर्नु पर्ने नाम (beneficiary name) : PIPLE KHANEPANI TATHA SARASAPHAI UPABHOKTA SAMITI
**जमानत रकम रु. : २,०३,०००.०० (अक्षरेपी दुई लाख तिन हजार रुपैया मात्र)**
८. दर्ता भएका सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संयुक्त खरिद समिति, कालिमाटी, सल्यान सुरक्षित रहनेछ।



## Birendranagar Municipality
## Office Of The Municipal Executive
**Birndranagar, Surkhet**
**Karnali province, Nepal**

## Invitation For Bids

**(First Date of publication: - 2082.08.15 B.S.)**

1. Birendranagar Municipality Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Birendranagar Municipality, Birendranagar Surkhet Phone No: 9858063111 & PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT & PS) | Bid Security, |
|---|---|---|---|---|
| NCB/BM/W/ 082/083/41 | Kholigaun to Guptipur School Samma Nala Sahit Sadak Esterunnati work. Khorkekhola To Kholigaun Chok Hudai KrishnaGanja School Samma Road Uograding works & Tilpur River bTraining Works Birendranagar-2, Surkhet | NRs. 3000/- | 9,580,224.49 | 250000.00 |
| NCB/BM/W/ 082/083/42 | Construction of Nepal Telecom Backside Rato Pool Dekhi Kalika Mandir Jane Bato & Sarswoti Tole to Radhakrishna Mandir Bhitri Road Upgrading and Maintenance works, Birendranagar-5, Surkhet | NRs. 3000/- | 3,897,335.18 | 1,01,000.00 |
| SQ/BM/W/ 082/083/03 | Construction of Tijugaira to Ramrikanda Road Upgrading Works, Birendranagar-14, Surkhet | NRs. 3000/- | 1,477,473.49 | 38,500.00 |

**Chief Administrative Officer**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

## अन्यमा...

भीमबहादुर सेन, ओजबहादुर बुढाथोकी, लालबहादुर रावत र घनश्याम शर्मा सर्वसम्मत चयन भएका छन् । महिलामा पुष्पाकुमारी बुढाथोकी र सनसिल्ला वली (डिसी), युवातर्फ गणेशमान सिंह र दलिततर्फ भिउसेन नेपालीको नाम प्रतिनिधिका लागि सर्वसम्मत चयन भएको छ ।

त्यस्तै, नेकपा एमालेको ११औं राष्ट्रिय महाधिवेशन प्रतिनिधीको लागि सुर्खेत निर्वाचन क्षेत्र नम्बर २ बाट ९ जना प्रतिनिधि चयन भएका छन् । खुल्लामा नेकपा एमाले जिल्ला कमिटी अध्यक्ष कुलमणि देवकोटा, उपाध्यक्ष मोहनसिंह वाढुवाल, सचिव डम्मर तिवारी, जिल्ला कमिटी सचिवालय सदस्य पूर्णप्रसाद पौडेल र भीमबहादुर रावत छन् । महिलातर्फ टिकाकुमारी अधिकारी, टिकाकुमारी घले गुरुङ र निर्मला राना मगर र युवातर्फ प्रेम खड्का प्रतिनिधि चयन भएका छन् ।

एमाले सुर्खेतका अनुसार सुर्खेत निर्वाचन क्षेत्र नम्बर-१ बाट प्रतिनिधि छनौंटको लागि छलफल जारी रहेको छ । एमाले उपाध्यक्ष मोहनसिंह बडुवालका अनुसार आइतबार बिहान ८ बजे प्रतिनिधि छनौंटका लागि बैठक बस्ने समय तय भएको जानकारी दिए ।

# गिज्याइरहेको अधुरो क्रिकेट मैदान

**युग संवाददाता**
**महेन्द्रनगर, १४ मंसिर ।**

काठमाडौंमा जारी नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताले नेपालीको ध्यान तानिरहेको छ । अझ खेलाडीतर्फ हेर्ने हो भने सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरीप्रतिको दर्शकको क्रेज थप चुलिएको छ ।

दीपेन्द्रले कप्तानी गरिरहेको सुदूरपश्चिम रोयल्सले जारी प्रतियोगितामा पाँच वटा खेल जितिसक्दा तिनै दीपेन्द्रको गृहनगर महेन्द्रनगरमा निर्माणाधीन अवस्थामा अलपत्र परेको क्रिकेट मैदानले गिज्जाइरहेको छ ।

केही वर्षअघि तत्कालीन जिल्ला खेलकुद विकास समितिले महेन्द्रनगरस्थित कवर्डहल परिसरको जग्गा माछा पोखरी निर्माणका लागि भाडामा दिएको थियो । खेल संरचना निर्माण हुनुपर्ने ठाउँमा माछा पोखरी बनेपछि त्यसको विरोध भएपछि अन्तः खेलकुद विकास समितिले भाडा खारेज गऱ्यो । माछा पोखरी बनाउने पक्षले पोखरी नपुरी छोडेर हिँडेको केही समयपछि सोही स्थानमा क्रिकेट मैदान बनाउने निर्णय भएपछि काम सुरु भएको थियो । क्रिकेट मैदान बनाउने निर्णय भए पनि लामो समयसम्म माछा पोखरी बनाउन खनिएको खाल्डो उक्त पक्षले नपुरेपछि क्रिकेटका लागि आएको रकमले पुर्नुपरेको छ ।

"माछा पोखरी पुर्न करोड खर्च भइसक्यो", कञ्चनपुर जिल्ला क्रिकेट सङ्घका अध्यक्ष एवं केन्द्रीय सदस्य वीरेन्द्र चन्दले भने, "निर्माण रोकिएको दुई वर्षभयो, सङ्घ सरकारले बजेट शून्यमा झारेको छ । प्रदेश सरकारले रु ५० लाख विनियोजन गरेको छ ।" उनका अनुसार हालसम्म माछा पोखरी पुर्न रु एक करोड ५० लाख खर्च भइसकेको छ । नेपाल राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा ख्याती कमाउँदै मुलुकको पहिचान स्थापित गरिरहेका खेलाडी उत्पादन गर्ने थलोमा क्रिकेट मैदान अलपत्र पर्नु दुःखद् विषय भएको उनले बताए ।

## बाँके...

मैत्री अभ्यासबारे जनचेतना फैलाइरहेका छन् ।

पछिल्लो समय मानवीय क्रियाकलापका कारण नदीनाला दोहन, अवैध रुपमा वन विनाश, बालुवा-गिटी उत्खनन, तथा अनियन्त्रित विकास-निर्माणका कारण प्रकृति असन्तुलित बन्दै गएको छ। यसले भूक्षय, पहिरो, अतिवृष्टि तथा अनावृष्टि जस्ता प्रकोपहरू बढाएको छ । यस्तो परिवेशमा विद्यार्थीमार्फत सचेतना फैलाउने कार्य अत्यन्त प्रभावकारी बन्न थालेको इको शिक्षक भिम खरेलको भनाइ छ । "विद्यार्थीले घर-घरमा पुगेर जलवायु परिवर्तनको असर, यसको कारण, जोखिम र न्यूनीकरणका उपायबारे आफूले सिकेको कुरा सुनाउन थालेका छन्," उनले भने ।


## घर भाडामा रहेको सूचना

वीरेन्द्रनगर रंगशालाको पुर्व पट्टी रहेको गेटको अगाडि मनकामना होटल रहेको पुरै घर होटल प्रयोजनका लागि भाडामा भएको हुदाँ इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क गर्नुहुन अनुरोध छ ।

**तपशिल :**
**नाम** : रमेश कुमार ढकाल
**ठेगाना** : वीन.न.पा-८ (आवाश क्षेत्र)
**सम्पर्क नम्बर** : ९८५८०५००१९



## तालिम खुल्यो ! तालिम खुल्यो !!

### सिपपछि रोजगारीको अवसर

वीरेन्द्रनगर-१२, औधोगिक क्षेत्र सुर्खेतमा सञ्चालित एक उधोगमा हाते कपडा बुनाई (हेण्डलुम तान) बाट कपडा बुनाई सम्बन्धिको ३० दिने (एक महिना) पूर्ण अभ्याससहितको प्रशिक्षण तालिम खुलेको सहर्ष जानकारी गराउँदछौं । सिप सिकेका र सिप सिक्न चाहने इच्छुक महिलाहरुले तत्काल सम्पर्क राख्नुहोला । तालिम अवधिभर खाजाको व्यवस्था गरिनेछ । तालिमबाट उत्कृष्ट सिप सिक्ने ४ जनालाई पूर्णकालिन रोजगारी प्रदान गरिनेछ ।

**तालिम सञ्चालन हुने**
**मिति** : २०८२ मंसिर १५ गतेदेखी २०८२ पुष १५ गतेसम्म
**समय** : विहान १०:०० बजेदेखी साँझ ४:०० बजेसम्म
**स्थान** : वीरेन्द्रनगर औधोगिक क्षेत्रभित्र
**सम्पर्क नं.** ९८५१३२९१६९



## मानव अधिकारको सम्मान गरौं ।

- मानव अधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानव अधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानव अधिकार उल्लंघन नगरौं,
- मानव अधिकारको डुल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

**मानव अधिकारप्रति सचेत रहौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



यूनिक डेण्टल
मो. ९८४४९९८७९३३, ९८१३१९६५०० केयर होम



दशैं तिहार
२५% सम्म छुट अफर
नयाँ दाँत जडान गरे बापत हात खाली नजाने उपहार

डा. शक्ति वि क
जेनरल एस्थेटिक डेण्टिष्ट
NMC No. २६२६०

डा. मुक्ति रानाभाट
कन्सलटेण्ट अर्थोडोण्टिष्ट
NMC No. १४९९३

9849987933, 9804113641



९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै कित(ाबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)



घरायसी सामानहरुका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ फ्रिज, ग्याँस चुल्हो, राइसकुकर, कराइ, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।



BHAWANI CHHAPAKHANA
Birendranagar-12, Industrial Area Surkhet.
Phone no: 083-521615, 9858067999, 9858060615
Email: pressbhawani@gmail.com





**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।